"कृषि पर्यटन र व्यापार, सुरक्षित समृद्ध नगरको आधार"

# चैनपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

पत्र संख्या: २०८२/०८३
चलानी न:

कोशी प्रदेश , नेपाल
मिति : २०८२।१०।०४

सूचना

**अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ को दफा १९ सम्बन्धी जानकारी तथा अनुरोध**

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ को दफा १९ अनुसार ऐन प्रारम्भ भएको मिति (२०७५ असोज.२ गते) भन्दा पहिला १२ वर्ष उमेर पूरा भएका व्यक्तिहरू बाहेकले २०८५ वैशाख १ गतेपछि आधारभूत तह (कक्षा ८) उत्तीर्ण नगरेमा सरकारी सेवा, सरकारको स्वामित्व वा आंशिक स्वामित्वका संस्था तथा निजी क्षेत्रका कुनै पनि संस्थामा रोजगारी प्राप्त गर्न, कुनै पनि कम्पनि वा संस्था दर्ता गर्न योग्य नहुने, व्यवस्था रहेको छ।

यसै सन्दर्भमा शिक्षा समिति २०८२।०९।२८ को निर्णयानुसार यो सूचना जारी गरिएको छ। यदि तपाईंको परिवार, छरछिमेक वा टोलमा मिति २०८५ वैशाख १ गतेसम्म पनि आधारभूत तह उत्तीर्ण नगर्ने बालबालिका छन् भने:

- तिनलाई तुरुन्तै नजिकको विद्यालयमा भर्ना गराउन सहजीकरण गर्नुहुन,
- वा चैनपुर नगरपालिकामा वा नजिकको विद्यालयमा सूचना गरिदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु।

(असक्त/अपाङ्गता भएका वा बहुअपाङ्गता, स्वास्थ्य समस्या जस्ता जटिल कारणले शिक्षा लिन नसकेका बालबालिकाको हकमा यो व्यवस्था लागु हुने छैन)

बोधार्थ : सबै सामुदायिक विद्यालयहरु, २०८५ वैशाख १ गते भित्रमा आधारभूत तह उत्तिर्ण गराउन सकिने व्यक्तिहरु सेवाक्षेत्रमा रहेको भए भर्ना गराउनु हुन र विद्यालय शिक्षा मार्फत संभव नहुने देखिएमा वैकल्पिक शिक्षाका लागि नगरपालिकामा सिफारीस गर्नु हुन अनुरोध छ ।

धन्यवाद !

२०८२।१०।०४

ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

**Website:** www.*chainpurmun.gov.np*, **Email:** *info@chainpurmun.gov.np* ☎:029-570270, 9852077111